परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक




❑ वर्ष ११ ❑ अंक २० २०७९ पौष ३ गते आईतवार Sunday 18, DEC 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## उत्पादक र उपभोक्ता बीच अन्तर सम्वन्ध कायम हुने : राष्ट्रिपति भण्डारी


विराट एक्सपो २०७९ को दियोमा बत्ती वालेर समुद्घाटन गर्दै राष्ट्रिपति विद्यादेवी भण्डारी ।

विराटनगर। विशिष्ठ प्रकारका कृषि तथा औद्योगिक प्रदर्शनीहरुले उत्पादक र उपभोक्ता बीच अन्तर सम्वन्ध कायम गर्ने प्रमुख अतिथी राष्टिपति विद्यादेवी भण्डारीले वताएकी छन् ।

उक्त कुरा उद्योग संगठन मोरंगको आयोजनमा हुन लागेको विराट एक्सपोको दियोमा वत्ती बालेर समुद्घाटन गर्दै राष्ट्रिपति भण्डारीले सो कुरा वताएकी छन् । सोही अवसरमा भण्डारीले भने विराटनगरले औद्योगिक पहिचान वनाउको शाखलाई गिर्न नदिन सबैले पहल गर्नु पर्ने वताए ।

देशभित्र सञ्चालित उद्योगका लागि आवश्यक कच्चा पदार्थ देशभित्र नै उत्पादन गर्न सके उद्योग धन्दा संचालन गर्न सहज हुने भण्डारीको भनाई थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले मुलुक विगतमा भन्दा फरक खालको आर्थिक मन्दीबाट गुज्री रहेको बताए । उनले विगतमा भूकम्प, कोरोना र नाकाबन्दीले अर्थतन्त्रमा बाहिरबाट समस्या देखिएको भए पनि यतिबेला सरकार र राष्ट्र बैंकको नीतिका कारण अर्थतन्त्रभित्रै समस्या देखिएको छ ।

उद्योग संगठन मोरङका अध्यक्ष सुयस प्याकुरेलले देशका लागि निर्यात वृद्धि गर्ने र आयात प्रतिस्थापन गर्ने उद्योग चाहिएको बताएका छन् । प्याकुरेलले कोभिड पछिको मन्दीले सबै उद्योग प्रभावित भएकाले समग्र अर्थतन्त्रमा नै समस्या देखिन थालेको स्पष्ट पारे । प्याकुरेलले विराटनगर-बथनाहा रेल्वे तयार भए पनि सञ्चालनमा सरकारले बेवास्था गरेको गुनासो गरे । जसका कारण सडक मार्गबाट सामान आयात गर्नु परिरहेकाले औद्योगिक कच्चा पदार्थको ढुवानीमा मात्रै ३० प्रतिशतभन्दा बढी लागत बढी लागी रहेको उनको भनाई छ । उनले यथाशीघ्र विराटनगरसम्म निर्माण भइसकेको रेलमार्ग सञ्चालनमा ल्याउन सरकारसँग माग गरे ।

कार्यक्रममा प्रदेश १ का प्रदेश प्रमुख पर्शुराम खापुङ, मुख्यमन्त्री राजेन्द्र राई, विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालालगायतले एक्स्पोको सफलताको शुभकामना दिएका थिए । विराटनगर-१४ स्थित डिग्री कलेजको मैदानमा एक्स्पो पुस ६ गतेसम्म सञ्चालन हुनेछ ।

वांकी अन्तिम पेजमा...

## सातवटै प्रमुखलाई निर्वाचण परिणाम हस्तान्तरण

विराटनगर । मंसिर ४ गते सम्पन्न प्रतिनिधीसभा र प्रदेश सभा निर्वाचनको परिणाम सहितनको प्रतिवेदन सातवटै प्रदेशका प्रदेश प्रमुखसमक्ष हस्तान्तरण गरेको छ ।

प्रतिवेदन बुझाउन प्रदेश नं. १ मा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया, मधेस प्रदेशमा आयुक्त सुगनशमशेर जबरा, बागमती प्रदेशमा सचिव गोकर्णमणि दुवाडी, गण्डकी प्रदेशमा आयुक्त ईश्वरीप्रसाद पौड्याल, लुम्बिनी प्रदेशमा आयुक्त रामप्रसाद भण्डारी, कर्णाली प्रदेशमा सहसचिव यज्ञप्रसाद भट्टराई र सुदूरपश्चिम प्रदेशमा आयुक्त डा. जानकी कुमारी तुलाधरको नेतृत्वमा आयोगको टोली पुगेको थियो ।

सोही क्रममा प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले प्रदेश १ प्रमुख पर्शुराम खापुङलाई प्रदेशसभा निर्वाचनको अन्तिम परिणाम बुझाइसकेपछि नयाँ सरकार गठन प्रक्रिया सुरु भएको खापुङले बताउनु भयो ।

आयोगबाट निर्वाचन परिणाम औपचारिक रूपमा प्राप्त भएपछि नयाँ सरकार गठन प्रक्रिया सुरु गर्न बाटो खुलेको र संवैधानिक व्यवस्था अनुसार छिट्टै प्रक्रिया अघि बढाउने प्रदेश प्रमुखको भनाई थियो ।

कुनै एउटा दललाई बहुमत प्राप्त नभएकाले संविधानको धारा १६८ को उपधारा ९२० अनुसार दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

संविधानको धारा १६८ को उपधारा ९३० मा प्रदेशसभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा ९२० बमोजिम मुख्यमन्त्री नियुक्ति प्रक्रिया पूरा गरिसक्नु पर्ने व्यवस्था छ । संविधानको धारा १८३ अनुसार प्रदेश प्रमुखले निर्वाचनको अन्तिम परिणाम घोषणा भएको २० दिन प्रदेशसभाको अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ ।



## उत्पादक...

एक्स्पोमा ३ सय ६१ स्टल रहेका छन् । सातौं संस्करणको विराट एक्स्पोमा एक्सपोको आकर्षण बढाउनको लागि विशेष कार्यक्रमहरु जस्तै माउन्पटेन फ्लाइट, सेन्ट्रल डिजिटल डिस्प्ले शो, सिंगिङ आइडल, राबट भीआर तथा होलोग्राम प्रविधी, साँस्कृतिक कार्यक्रम समेतको व्यवसथा रहने छन् ।

## प्रतिनिधीसभा...

लाख ३४ हजार ५०० (६१ दशमलव ३६ प्रतिशत) मतदान भएको थियो जसमध्ये १ करोड ५ लाख ८५ हजार ३०० मत सदर भएको थियो भने ४ दशमलव शुन्य ७ प्रतिशत मत बदर भएको थियो । सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड १० लाख २८ हजार ३७६ (६१ दशमलव ३१ प्रतिशत) मतदान भएकोमा १ करोड ३ लाख ६ हजार ११ मत सदर भई ६ दशमलव ५५ प्रतिशत मत बदर भएको थियो ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको १० प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था रहेबमोजिम प्रतिनिधि सभातर्फ पुरुष १ हजार ७७२ र महिला १८९ गरी जम्मा १ हजार ९६१ जना तथा प्रदेश सभातर्फ पुरुष २ हजार ८६, महिला २३७ र अन्य १ गककरी जम्मा २ हजार ३२४ जना गरी जम्मा ४ हजार २८५ जना (७६ दशमलव शून्य ४ प्रतिशत) उम्मेदवारहरूको धरौटी रकम जफत भएको छ ।

त्यसैगरी, समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा कुनै राजनीतिक दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्थाबमोजिम प्रतिनिधि सभातर्फ बन्दसूची पेश गर्ने ४७ दलमध्ये ४० वटा दल र प्रदेश सभातर्फ प्रदेश नं. १ मा ३०, मधेश प्रदेशमा २६, बागमती प्रदेशमा ३३, गण्डकीमा २४, लुम्बिनी प्रदेशमा २२, कर्णाली प्रदेशमा २२ र सुदूरपश्चिम प्रदेशमा २८ वटा दलको धरौटी जफत भएको छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५२ मा प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा ३ प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १ सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको मान्यता प्राप्त गर्ने व्यवस्था बमोजिम यस निर्वाचनबाट ७ वटा राजनीतिक दलले राष्ट्रिय दलको मान्यता प्राप्त गरेका छन् ।

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० मा प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणालीतर्फको कुल सदर मतको १ दशमलव ५ प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुने व्यवस्था छ । सो व्यवस्था अनुसार प्रदेश नं. १ मा ६, मधेश प्रदेशमा १०, बागमती प्रदेशमा ७, गण्डकी प्रदेशमा ७, लुम्बिनी प्रदेशमा १०, कर्णाली प्रदेशमा ६ र सुदूरपश्चिम प्रदेशमा ६ वटा राजनीतिक दलको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेश सभामा प्रतिनिधित्व भएको छ ।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा ३७ वटा राष्ट्रिय संस्थाका ७ हजार ५५३ र २ वटा अन्तर्राष्ट्रिय संस्थाबाट १२ जना पर्यवेक्षकबाट निर्वाचन पर्यवेक्षण भएको थियो । यसैगरी, भारत, भुटान, बंगलादेश, माल्दिभ्स र दक्षिण कोरियाका निर्वाचन व्यवस्थापन गर्ने निकायका प्रमुख तथा पदाधिकारीहरू, जापानका विदेश राज्यमन्त्री र नेपालस्थित १८ वटा कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरूले समेत निर्वाचनको पर्यवेक्षण तथा अवलोकन गर्नुभएको थियो ।

नेपालको संविधानले प्रत्याभूत गरेको जनताको प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता, मानव अधिकार, मौलिक हक, वालिग मताधिकार, आवधिक निर्वाचन र संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा भव्यरूपमा सफलतापूर्वक सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ मा भाग लिई मताधिकारको प्रयोग गर्नुहुने सम्पूर्ण मतदाताहरूप्रति आयोग हार्दिक आभार प्रकट गर्दछ ।

निर्वाचन सम्पन्न गराउने ऐतिहासिक कार्यमा संलग्न भई महत्वपूर्ण भूमिका निर्वाह गर्ने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय, स्थानीय प्रशासन, निर्वाचनमा संलग्न कर्मचारी तथा सुरक्षाकर्मी, राजनीतिक दल, उम्मेदवार, पर्यवेक्षक, अनुगमनकर्ता, अन्तर्राष्ट्रिय समुदाय, निजी क्षेत्र, गैरसरकारी एवं सामुदायिक संस्था, नागरिक समाज लगायत सबै निकाय, क्षेत्र र समुदायप्रति प्रमुख निर्वाचन आयुक्त थपलियाले धन्यवाद व्यक्त गर्नुभयो ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सूचना, सञ्चार र समाचारमार्फत निरन्तर सकारात्मक खबरदारी गर्ने, मतदातालाई सुसूचित गरी निर्वाचनको कार्यमा सरिक हुन प्रेरित गर्ने तथा निर्वाचनका गतिविधिहरूको निरन्तर रिपोर्टिङ र पृष्ठपोषणको माध्यमबाट निर्वाचनको उपयुक्त वातावरण सिर्जना गर्न निरन्तर सहयोग गर्ने सम्पूर्ण आम सञ्चारमाध्यम एवं सञ्चारकर्मीहरूप्रति प्रमुख आयुक्त थपलियाले विशेष धन्यवाद ज्ञापन गर्नुभयो । निर्वाचन आयोगको इ बुलेटीनवाट

# महिला हिंसा अन्तका लागि किशोरीहरुको भेला सम्पन्न

विराटनगर । महिला हिँसा न्युनिकरण अभियानमा सहयोग पुरयाउनधनकुटाको भेडेटारमा महिला प्रदेश १ भरिका अगुवाकिशोरीहरुको दुई दिने भेला सम्पन्नभएको छ ।

महिला जनचेतना केन्द्र, मेचीनगरको आयोजनामा सम्पन्न भएको उक्त भेलामा प्रदेश नम्बर १ कादश वटा जिल्लाहरु झापा, मोरङ्ग, सुनसरी, धनकुटा, इलाम, पाचथर, भोजपुर, उदयपुर, संखुवासभा, तेह्रथुमबाट करिब ३५ जना अगुवाकिशोरीहरु सहभागी भएका थिए ।

समाजमा कायमै रहेको लैङ्गिक हिंसा विरुद्धको अभियान लाई सार्थक तुल्याउनलाई प्रदेश भरिका किशोरीहरुलाई सहभागी गराएर दुई दिने कार्याशाला सञ्चालन गरिएको संस्थाका कार्यकारी प्रमुख राधाप्रधानले बताइन ।

सभ्य समाजको पहिचान, लैङ्गिक हिंसा विरुद्धको अभियान भन्ने मुलनाराका साथ यस वर्ष नेपालमा पनि १६ दिन लैङ्गिक हिंसा विरुद्ध अभियान मनाइएको थियो ।

सो कार्यक्रम अन्तगर्तत महिला जनचेतना केन्द्रले दिगो विकास लक्ष्यका १७ वटा लक्ष्यहरु मध्ये लैङ्गिक समानताको विषयमा सहभागिहरुलाई विषेश प्रशिक्षण दिएको हो । त्यस्तै महिला आन्दोलन, उपलब्धीहरु, अनि अगामी दिनमा आइपर्ने चुनौतिहरुको विषयमा पनि भेलामा विशेष चर्चा भएको थियो ।

उदघाटन सत्रमा प्रमुख अतिथि वियोन्ड वेइजिङ्ग कमिटि नेपालका अध्यक्ष सुसिला श्रेष्ठले विषेश प्रशिक्षण प्रदान गरेकी थिइन । त्यस्तै लेखकतथा अनु सन्धानकर्ता रिताशाह, मानव अधिकार कर्मी कोषराज न्यौपाने, महिला अधिकारकर्मी मंजीता उपाध्यायले सहजी करण गरेका थिए । उक्तकार्यशालाबाट प्रदेशस्तरीय घोषणा पत्रपनिजारी गरिएको थियो । सो कार्यशाला को उदघाटन सत्रको अध्यक्ष सितागुरुङ्ग, सञ्चालन संस्थाका सचिवभुवन सुब्बा, कार्यक्रमको औचित्यमाथि प्रकास संस्थाका कार्यकारी प्रमुख राधाप्रधान, र स्वागत संस्थाका सदस्य रेजिना श्रेष्ठले गरेका थिए ।

# आगोले वृद्ध महिलाको मृत्यु

विराटनगर । पाँचथरको फिदिम नगरपालिका-१३ स्थितमा आगोले जली एक जना बृद्धा महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ९२ बर्षीया सुकमति नेम्वाङ रहेकी छन् ।

फिदिम-१३ स्थित आफ्नै घरमा एक्लै बस्दै आएकि नेम्वाङ अगेना छेउमा सुतेको अवस्थामा आगोले जली मृत अवस्थामा फेला परेकि हुन ।

बुधबार बिहान घरबाट धुवा निस्केको स्थानिय मानिसले देखि पछि तत्काल घर भित्र गई हेर्दा बृद्धा महिलाको शरिरमा आगो सल्केको देखि पानी खन्याई आगो नियन्त्रण गरेको भन्ने खबर प्राप्त हुनासाथ घटना स्थलमा जिल्ला प्रहरी कार्यालय पाँचथरबाट प्रहरी निरीक्षकको टोली खटि गएको थियो ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

- लैङ्गिक समानता बोलेरर वा लेखेर मात्र प्राप्त हुँदैन ।
- परिणाम प्राप्तीका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैबाट गर्नुपर्दछ ।
- परिवर्तनको प्रारम्भ आफ्नौ घरवाट गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### धानबाली लगाउने किसान घाटामा

*नेपाल एक कृषि प्रधान देश हो । यहाँका ८४ प्रतिशत मानिसले कृषी पेशा अंगालेका छन् । त्यसैले गर्दा होलान प्रत्येक नेपालीका घरमा विहान वेलुका चामलकै भात पाक्छ । नेपालमा मुख्य खाद्यानको रुपमा धान नै रहेकोले खेतिको अत्याधिक भागमा धान खेत नै किसानहरु लगाउने गर्दछन् । तर किसानले धानखेती लगाउँदा लाग्ने लागत अनुसारको भाव कहिले पछि किसानले पाउँदैन । यसको मुख्य कारण हो किसान र सरकारको वीचमा रहेको विचौलियाले फाईदा लिने गरेका छन् । त्यस तर्फ सरकारले किलेपछि विचार पऱ्याएको छैन । र धान खरीद विक्रमा फाईदा लिने विचौलियालाई सरकारले कारवाही समेत गर्न सकेको छन् । नेपाल सरकारले कृषि उत्पादनको लागत मुल्य तोकेको हुन्छ तर त्यो मुल्यमा कहिले पनि किसानले आफ्नो उत्पाद विक्री गर्न सक्छ । जसका कारण जहिले पनि किसानलाई नोक्सानी र विचौलियालाई फाइदा हुने गरको छ ।*

*किसानको मुख्य उत्पादन धानवाली खरीदका लागि सरकारी संस्था खाद्य व्यवस्था तथा व्यापार कम्पनी रहेको छ । कृषि आधुनिकीकरण परियोजनाले कृषि सहकारीमार्फत तोकिएको समर्थन मूल्यअनुसार किसानबाट धान किन्नुपर्ने हो तर समयमा सो धान किनि नदिदा किसानले आफ्नो आवश्यकता टार्न सस्तोमा धानवाली वेच्न वाध्य हुन्छ त्यसैको फाईदा विचौलियाले उठाउँछन् । किसानले उत्पादन गरको धानवालीलाई भण्डारण गर्न पनि सक्दैन र ऋण कर्जा लिएर गरेका हुन्छन ती ऋण कर्ता तिर्न वाध्य भई कम मूल्यमा आफ्नो उत्पाद वेच्न वाध्य हुन्छ ।*

*यसपटक सरकारले मोटा धान प्रतिक्विन्टल २ हजार ९ सय ६७ रुपैयाँ र मध्यम धान प्रतिक्विन्टल ३ हजार १ सय २८ रुपैयाँ तोकेको छ । तर समर्थन मूल्यभन्दा ३०० देखि ४०० रुपैयाँ कम प्रतिक्विन्टल कम मूल्यमा धान बिक्री गर्नुपर्ने बाध्यता छ । यी वाध्यतालाई समाप्त गर्न सरकार तदुरुकताका साथ लाग्नुपछ अन्यथा किसान जहिले पछि पिडित हुन्छ भने विचौलिया सधै नाफामा कमाई रहेको हुन्छ । यस तर्फ सरकारले समयमै ध्यान दिन जरुरी छ ।*

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# कसले बनायो सुकुम्बासी ? कसरी भयो भूमिहीन ?

काठमाडौं महानगरले थापा थलीका सुकुम्बासी बस्तीमा डोजर लगाएपछि त्यहाँ उत्पन्न परिस्थिति र दृश्यले निकै गम्भीर बनायो। यो थापाथलीको मात्र समस्या नभएर देशैभरिका भूमिहीन सुकुम्बासीको समस्या हो। एकपटकको समस्या होइन, पटक(पटकको समस्या हो। आखिर यो एउटै मुद्दा किन पटक( पटक बल्झिरहन्छ ? अनि किन हुँदैन भूमिहीन सुकुम्बासी समस्याको दीर्घकालीन समाधान ? अहिलेसम्म बनेका भूमिहीन सुकुम्बासी आयोगले के काम गरे ? कहाँ काम गरे ? खोइ प्रष्टता ? खोइ सार्वजनिकीकरण ?

यी गम्भीर प्रश्नहरूको जवाफ त पाइँदैन नै, कम्तीमा सुकुम्बासी को वास्तविक र आधिकारिक तथ्यांक पनि भेटिंदैन। यसको मुख्य रहस्य के होला ? भूमिहीन सुकुम्बासी कसले बनायो ? सुकुम्बासी जन्माउने कारखाना सहरमा मात्र छ कि गाउँघरमा पनि छ ? कहिलेदेखि छ ? सक्कली सुकुम्बासी को, नक्कली को ? कसलाई रहर हुन्छ सुकुम्बासी बन्न ? नारकीय स्थानमा जीवन कटाउने बाध्यात्मक अवस्थामा मानिस कसरी पुग्छ ? के अहिलेका ठूला कुरा गर्ने शासकहरू एक रात सुकुम्बासी बस्तीमा बास बस्न सक्छन् ? यी यस्ता थुप्रै प्रश्न पहिला नबुझेसम्म हामीले भूमिहीन सुकुम्बासी 'समस्या' समाधानको नजिक पुग्न सक्दैनौं ।

भूमिहीन सुकुम्बासी समस्या सामाजिक शासन र विभेदसँग जोडिएर आएका समस्या हुन्। यसले केही मान्छेलाई निरीह बनाउँदै आएको छ। मान्छेलाई मान्छे हुनबाट वञ्चित गराएको छ। सामाजिक विकासक्रमको सुरुवाती अवधिमा सबै मानिस एकापसमा बराबर थिए। आफ्नो पेशा व्यवसायीमा आत्मसम्मान र स्वाभिमानका साथ बाँचेका थिए। अहिलेका सबै वर्ग समुदायका मानिसहरूक पुर्खाहरू जो जहाँबाट आए पनि बडो दुःख र मिहिनेतले वनजंगल र खोरिया फाँडेर आफ्नो जमिन बनाएका थिए । आफ्नै जमिन र खेतबारीमा काम गरेर मज्जाले थातथलो बनाएर बाँचेका थिए। तर अहिले उनीहरूका सन्तति भूमिहीन सुकुम्बासीको जीवन बाँच्न अभिशप्त छन्। यहाँका रैथाने भएर पनि भुटानी शरणार्थीको जस्तो पनि जीवन बाँच्न सकिरहेको अवस्था छैन। कतिखेर बस्तीमा डोजर लागेर उठिबास बनाउने हुन्; डर, धाक, धम्की र त्रासमा जीवन धानेका छन्। रातमा पनि राम्रोसँग सुत्न नसक्ने अवस्थामा छन्। दिनमा पनि राम्रोसँग रोजीरोटी गर्न नसक्नेसम्मको त्रासमा पुस्तौंदेखि सक्कली सुकुम्बासी हरू बाँचिरहेका छन्। नक्कली सुकुम्बासीहरूले भने यसको हुर्मत पटकपटक लिंदै आएका छन् ।

२०२१ सालमा भूमिसुधार ऐन लागू भयो। विभिन्न किसिमको भूमि सम्बन्धी हकको व्यवस्था गरे। मोहियानी, बालबिटौरी, गुठी जग्गा लगायतका भूमिमाथि पनि विभिन्न किसिमका ऐनहरू बनाएर मानिसहरूको अधीनमा रहेका जग्गामा हक लाग्ने व्यवस्था गरे । यसअघि राणाकालीन अवस्थामा गाउँघरमा मौजेदारी मौखिक कानुन बनाए सर्वसाधारण जनताको जमिनमाथि कब्जा गर्ने खालको राज्य प्रणाली अपनाए। ठाउँठाउँमा राणा खलकका मानिसहरूलाई बसाएर सर्वसाधारण जनतासँग जमिन उब्जाएको बाँकी असुल गर्न लगाए। अहिलेको जस्तो पानीको व्यवस्था र लगानी कृषि क्षेत्रमा थिएन। आकाशे पानीको भरमा खेती हुन्थ्यो। वर्षौं वर्ष खडेरी हुँदा उब्जनी हुँदैनथ्यो ।

अहिलेसम्म गठन भएका आयोगले १ लाख ५४ हजार ८५४ परिवार सुकुम्बासीलाई ४५ हजार ९६४ बिघा जमिन वितरण गरेको छ। तर पुस्तौंदेखि भूमिहीन सुकुम्बासी समस्या भोगिरहेका थुप्रै गरिब दलित बस्तीका मानिसले नागरिकता पनि पाएका छैनन्। त्यसैले उनीहरू पटकपटक लालपुर्जा पाउनबाट वञ्चित छन्, जो वास्तविक भूमिहीन सुकुम्बासी हुन् ।

सर्वसाधारण नागरिकले उब्जनीको बाँकी तिर्न नसक्दा गाउँमा बसेका मौजेदारहरूले जमिन लिलाम गर्थे। कतिपयले बाँकी तिर्न नसक्दा अरुलाई नै जमिन सुम्पिदिन्थे। जसले बाँकी तिर्न अटेर गर्थे उनीहरूलाई मौजेदारी कानुनअन्तर्गत कामैतमा बोलाएर हातखुट्टा बाँधेर सूर्यको किरणतिर फर्काएर आँखा हेर्न लगाउँथे। टाउकोमा गुहु(गोबर खन्याएर जमिन लिलाम गर्थे। आज उनै नेपाली मूलवासीहरूका सन्ततिहरू भूमिहीन सुकुम्बासी समस्याको विरासत खेपिरहेका छन् ।

आज देशभर ठाउँठाउँमा देखिएका जमिनदारका कामैतहरू अहिले पनि बरामत छ। सरकारले कतिपटक उनीहरूको जमिनमा हदबन्दी कायम गर्ने कानुन बनाए। तर अहिलेसम्म हदबन्दी सम्बन्धी कानुन कानुनमै सीमित छ। जमिनदारहरूले अधिकांश जग्गा कानुनको कमजोर बाटो प्रयोग गरेर धेरै बेचिसकेको अवस्था छ भने बाँकी रहेका जग्गाहरू पनि अरुको नाममा सारेर अहिले पनि बेचबिखन गरिरहेका छन्। जसको पुर्खाले सर्वसाधारण जनतालाई कानुन बनाएर भूमिहीन सुकुम्बासी बनाए आज उनीहरूमाथि कुनै राज्यको कानुन छैन। उनीहरूमाथि कुनै डोजर चल्दैन। आखिर कानुन त कमजोरहरूकै लागिरहेछ !

अहिलेको राज्य व्यवस्था र प्रणाली पनि उनीहरूकै कब्जामा देखिन्छन्। उनीहरूकै सन्ततिहरूले लोकतन्त्रको हुर्मत लिइरहेका छन्। अहिलेको आधुनिक युगमा पनि कमजोर, गरिब, दलित र किनाराकृत समुदायले लोकतन्त्र को अनुभूति गर्न सकिरहेका छैनन्। २०१६ सालमा बिर्ता उन्मूलनको घोषणा, २०५४ पुस १४ गते मोहियानी हकको अन्त्यको घोषणा, २०५७ श्रावण २ गते कमैया मुक्त राष्ट्रको घोषणा, २०६५ भदौ २१ हलिया मुक्त राष्ट्रको घोषणा, २०७० साउन ३ गते कमलरी प्रथा अन्त्यको घोषणालगायत राज्यले विभिन्न विभेद र उत्पीडनको घोषणा गरे। ऐन( कानुन बनाए। तर खोइ अहिलेसम्म यसको अनुभूति सर्वसाधारण जनताले गर्न सकेनन् ।

अहिले पनि देशमा मालपोत र भूमिसुधार कार्यालय छ। मोहियानी बाँडफाँड चलेकै छ। भूमिहीन सुकुम्बासी कार्यालय बन्द भएको छैन। हलिया कमलरीलगायतका छुवाछूत जस्ता विभेदका घटनाहरू घटनाको छैन। यसको व्यवस्थापन कसले गर्ने ? यसको मर्म कसले बुझ्ने ?

भूमिहीन सुकुम्बासी समस्या समाधानका लागि अहिलेसम्म ३० वर्षमा १३ आयोग बन्यो। ती आयोगमा राजनीतिक दलका दुई हजारभन्दा बढी नेता( कार्यकर्ताहरूले जागिर पाए। राज्यको करोडौं ढुकुटी सिध्याए। तर तिनै आयोगसँग सही कुनै तथ्यांक छैन। संविधानको मौलिक हकको १६(१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। धारा १८(१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने कुरा उल्लेख छ ।

धारा ३७ (१) र (२) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हकको व्यवस्था गरेको छ भने बसोबास रहेको स्वामित्व ठाउँबाट विस्थापित नगरी आवास अधिकार ऐन २०७५ मा सोही ठाउँमा पुनर्स्थापन गर्ने कुरा समेत उल्लेख छ। मौलिक हक अन्तर्गत धारा ४० मा राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एकपटकको लागि जमिन उपलब्ध गराउने र आवासविहीन दलितलाई बसोबासको व्यवस्था गर्ने भनेको छ ।

धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा

वांकी पांच पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

वांकी ५ पेजमा...

## लागु औषत साहित तीन पक्राउ

बिराटनगर । झापा र मोरङको छुट्टा छुट्टै दुई स्थानबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

झापाको मेचिनगर नगर पालिका-१० स्थित शुक्रवार लागु औषध नियन्त्रण व्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरी टोलीले डब्लुवी ७४ वीएफ ५८१७ नम्वरको स्कुटरमा सवार रहेका भारत दार्जिलिङका २८ बर्षीय मनोज गिरी र ३० बर्षीय प्रमोद कुमार राउतलाई संका लागि चेक जाँच गर्ने क्रममा उनिहरुको साथबाट ४३ ग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

त्यसैगरी लागु औषध नियन्त्रण व्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर महानगर पालिका-१६ स्थितमा भारत बाट नेपाल आउदै गरेको प्रदेश १-०४-००१ प ३१०२ नमवरको मोटर साईकलमा सवार रहेका छथरजोरपाटी गाउपालिका-१ धनकुटाका २० बर्षीय मिङमा शेर्पा र धनकुटा नगरपालिका-१ का १९ बर्षीय सुमन तामाङलाई ०.८५ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुको सम्वन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको छ ।

## विपन्न विद्यार्थीहरुलाई तीन लाख बराबरको सहयोग

विराटनगर । नव निर्वाचित प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले मोरङको सुन्दरहरैंचा नगरपालिका ९ स्थित राम आधारभूत विद्यालयका विद्यार्थी हरुलाई न्यानो कपडा र शैक्षिक सामाग्री प्रदान गरेका छन् । चुनावका बेला गरेको बाचा पुरा गर्दै डा.शर्माले आफु निर्वाचित भएपछि व्यक्तिगत रुपमा विद्यार्थीलाई सहयोग गर्नुका साथै विद्यालयका तीन वटा कक्षा कोठामा कार्पेट पनि बिच्छाइ दिएका हुन् ।

सांसद शर्माले व्यक्तिगत तवरबाट विद्यार्थी र विद्यालयलाई करिब तीन लाख मूल्य बराबरको सहयोग प्रदान गरेको विद्यालयका प्रद्यानाध्यापक दिलकुमार श्रेष्ठले बताए । कक्षा ५ सम्म पढाई हुँदै आएको सो विद्यालयमा १६९ विद्यार्थी अध्ययनरत छन् । त्यहाँ अधिकांश दलित र जनजाति समुदायका विपन्न परिवारका विद्यार्थीहरु अध्ययन गर्ने गर्छन् । विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरुलाई डा.शर्माले एकसरो न्यानो कपडा, छ/छ थान कपी र १०/१० वटा कलम प्रदान गरेका हुन् । त्यस्तै, विद्यार्थीको पढाईमा सहजताका लागि बाल विकास केन्द्रको एउटा कोठा र कक्षा एकको दुई वटा कोठामा बाक्लो कार्पेट पनि बिच्छाइएको हो ।

सहयोग प्रदान गर्न विद्यालयमा कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा सांसद शर्माका वुवाआमा लोकनाथ र होमादेवी न्यौपानेले छोराको तर्फबाट विद्यार्थीहरुलाई न्यानो कपडा र शैक्षिक सामाग्री प्रदान गरेका छन् । चुनावको बाचा अनरुप विद्यार्थीहरुलाई सहयोग प्रदान गरिएको सांसद शर्माकी धर्मपत्नी एवं नोबेल अस्पतालका प्रवन्ध निर्देशक इन्दिरा शर्माले बताइन् । शर्मा दम्पतीको बैवाहिक बर्षगाँठको अवसर पारेर सहयोग प्रदान गरिएको हो ।

डा.शर्माले चुनावका बेला गरेका बाचा भटाभट पुरा गर्दै गरिरहेका छन् । चुनावी बाचा अनरुप उनले आफु निर्वाचित भएको भोलिपल्टै नोबेल अस्पतालमा ५० शैयाको क्याविन चुनावी क्षेत्रका जनतालाई निःशुल्क प्रयोगका लागि छुट्याइ दिएका छन् ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १

# राष्ट्र र समाजप्रति समर्पित यूवा तयारी गर्न अवश्यक

विराटनगर । राष्ट्र र समाजप्रति समर्पित यूवा तयारी गर्न मुलुकको लागि आवश्यक रहेको प्राज्ञिक विद्यार्थी परिषद् नेपाल, प्रदेश १ र मधेश प्रदेश संगठन सचिव विष्णु प्रसाद पंगेनीले वताउनु भएको छ ।

प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको केन्द्रीय कार्यकारिणी समितिको मंसिर २२, २३ र २४ गते भक्तपुरमा सम्पन्न बैठकले पारित गरेको प्रस्तावहरुको बारेका जानकारी दिने उदेश्यले शुक्रवार नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा गरेको पत्रकार सम्मेलनमा सो कुरा वताएको हो ।

बैठकमा देशका विभिन्न जिल्लाबाट परिषद्का केन्द्रीय स्तरका पदाधिकारी र सदस्ययहरूको उपस्थिति रहेको पहिलो दिन मसिर २२ गते मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. नन्दबहादुर सिंह प्रमुख आतिथ्यतामा बैठकको औपचारिक उद्घाटन भएको जानकारी गराए ।

संगठनात्मक समीक्षा अन्तर्गत संगठन विस्तार, प्रशिक्षण वर्ग, एकाइ, क्याम्पस कार्य आदिको समीक्षा सम्पन्न भएको वताउँदै आर्थिक वर्ष ०७९/०८० मा ५८ जिल्लामा संगठनात्मक प्रशिक्षण सम्पन्न भइसकेका र बाँकी जिल्लाका प्रशिक्षण पौष महिनामा सम्पन्न गर्ने योजना बैठकमा तय भएको वताए ।

देशभर सम्पन्न रचनात्मक कार्यक्रम, प्रशिक्षणात्मक गतिविधि, सेवा कार्य राष्ट्रिय कार्यक्रम आदिको बारेमा चर्चा तथा वृत्त प्रस्तुत भएको थियो । बैठकमा परिषद्का विविध आयाम कार्य, कानुन विद्यार्थी कार्य, पत्रकारिता क्षेत्र कार्य, सेवा कार्य, छात्रा कार्य, जनजाति विद्यार्थी कार्य आदि विषयको बारेमा गहन चर्चाको साथमा आगामी योजना तय भएका थिए ।

बैठकको अन्तिम दिन २४ गते ललितपुरको डी.ए. भी कलेजको सभाहलमा नागरिक अभिनन्दन समारोह सम्पन्न भएको थियो । जसमा नागरिक अभिनन्दन समारोह समितिका अध्यक्ष अनिल केडिया एवं सचिव शम्भु उप्रेतीले परिषद्ले यस महत्वपूर्ण कार्य काठमाडौं उपत्यकामा सम्पन्न गरेकोमा परिषद्का अध्यक्ष डा. गोपिनाथ कण्डेल एवं महासचिव छितराज न्यौपानलाई अभिनन्दन गरेको पंगेनीले जानकारी गराए ।

उक्त बैठकमा दुईवटा महत्व पूर्ण प्रस्तावहरु समेत परिषद्ले पारित गरका छन् । पहिलो प्रस्तावमा शिक्षा क्षेत्रको दलीय राजनीति अन्त्य र मौलिक हकमा रहेको निःशुल्क शिक्षाको प्रावधानलाई सुनिशिचत गर्न र दोस्रो प्रस्तावमा यूवाहरुमा बढ्दो दूर्व्यसनीको प्रभाव र सिमाक्षेत्रमा बढिरहका घुसपैठको नियन्त्रणका लागि सरकारलाई गम्भीर हुन रहेका छन् ।

बैठकमा निर्णय गरिएका महत्वपूर्ण कार्यक्रमहरू :

- बैठकबाट शैक्षिक र समसामयिक विषयमा दुईवटा महत्वपूर्ण प्रस्तावहरू पारित भएका थिए ।
- पौष १ र २ गते देवघाटधाममा संस्कृत विद्यार्थी सम्मेलन सम्पन्न हुनेछ । देशभर पौष ३ गते देखि १० गतेसम्म बृहत सदस्यता अभियान सञ्चालन गरिनेछ । फागुन ५ र ६ गते राष्ट्रिय शिक्षा कार्यशाला सम्पन्न हुनेछ जसमा आधारभूत तहदेखि उच्चतह सम्मको शिक्षाको बारेमा चर्चा तथा नीतिगत छलफल हुनेछ ।
- देशका २५ स्थानमा जनजाति विद्यार्थी बैठक सम्पन्न हुनेछन् ।
- प्रदेश स्तरमा माघ महिनाभित्र नगर सचिव बैठक सम्पन्न हुनेछन् ।
- आगामी चैत्र १८, १९ र २० गते धनगढीमा १२०० जना प्रतिनिधिहरूको सहभागितामा नवौं राष्ट्रिय अधिवेशन सम्पन्न हुनेछ ।
- अर्को केन्द्रीय कार्य कारिणी समिति बैठक जनकपुरमा सम्पन्न हुनेछ । देशभर विभिन्न समयमा विद्यार्थीका लागि रचनात्मक तथा प्रशिक्षणात्मक कार्यक्रम सम्पनन हुनेछन्
- माघ महिनामा काठमाडौमा राष्ट्रिय मिडिया कार्यशाला सम्पन्न हुनेछ ।

प्रस्ताव १ मा शिक्षाको दलीय राजनीति र मौलिक हकमा रहेको निःशुल्क शिक्षाको प्रावधानलाई सुनिश्चित गरियोस् ।

- नेपालको समग्र विकासका लागि आधारभूत तहदेखि उच्च तहसम्म व्यावहारिक र राष्ट्र हितलाई सर्वोपरि निरा गर्ने शिक्षा विश्वविद्यालय स्तरको शिक्षा पूर्ण गर्दा पनि बेरोजगार भई रोजगारीका लागि भीतर कायमै छ । विश्व विद्यालय एवम् शिक्षण संस्थाहरू दिनप्रतिदिन दलीय राजनीतिक निरहेका छन् विश्वविद्यालयहरूमा विद्यार्थी सङ्ख्या प्रत्येक वर्ष घटिरहेको छ उच्च शिक्षा अध्ययनका नाममा नेपालको ठूलो धनराशि र जनशक्ति पलायन भइरहेको छ । शिक्षण संस्थाहरूमा समयमा पाठ्यपुस्तकन्याउन सकिरहेको छैन । विश्वविद्यालयहरूले शैक्षिक क्यालेण्डर लागू गर्न सकेका छैनन् यस्तो दयनीय अवस्थाबाट गुजिरहेको शिक्षाको समय सुधारका लागि सम्बन्धित निकायलाई प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक निम्त विषयविन्दुहरूमा गम्भीर बन्दै तत्काल कार्यान्वयनको दिशामा अगाडि हुन आग्रह गर्दछ ।
- प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा विद्यालय, क्याम्पस र विश्वविद्यालयका प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूलाई निर्वाचन आचार संहिता २०७९ अन्तर्गत कुनै राजनीतिक दल वा उम्मेदवारहरूको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न एवम् मत माग्न नहुने व्यवस्था गरी कडाइका साथ लागू गरेकोमा परिषद्को यो केन्द्रीय कार्यकारिणी समिति बैठक निर्वाचन आयोगको यो कदमलाई स्वागत गर्दै कृतज्ञता व्यक्त गर्दछ ।
- नेपालको संविधान २०७२ मा शिक्षालाई मौलिक हककारूपमा अङ्गीकार गरी आधारभूत तहको शिक्षा निशुल्क र अनिवार्य गरिए पनि सरकारी विद्यालयहरूले कुनै न कुनै माध्यमबाट विद्यार्थीबाट चर्को शुल्क असुली गरिरहेका छन् । यसरी सरकारी निकायबाटै गरिएको संविधानको ठाडो उल्लङ्घनप्रति विद्यार्थी परिषद् घोर आपत्ति प्रकट गर्दै संविधानको पूर्ण क्रियान्वयन गर्न आधारभूत तहको शिक्षालाई निःशुल्क गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्य कारिणी समिति बैठक नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।
- नेपालमा विदेशी विश्वविद्यालयहरूका धेरै कार्यक्रमहरू सञ्चालित छन् जसले गर्दा नेपालको ठूलो धनराशि बाहिरिएको छ उनीहरूलाई निगरानी गर्ने निकाय अत्यन्त कमजोर छ तसर्थ नेपालमा उक्त कार्यक्रम हरूको औचित्य, आवश्यकता र उपयोगितालाई मध्यनजर गर्दै आवश्यक नीति अवलम्बन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ
- नेपाल सरकारले भौतिक पूर्वाधार एवम् संरचनाको निर्माण बिना विश्वविद्यालयहरू खोल्ने तथा विश्वविद्यालय हरूलाई कुनै विषय क्षेत्र वा संकायका रूपमा विशिष्टिकरण गर्ने गलत परम्पराको प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक विरोध गर्दै विश्वविद्यालय खोल्दा आवश्यक भौतिक पूर्वाधार निर्माण र विश्वविद्यालयलाई कुनै निश्चित, संकाय एवम् विभागका रूपमा विशिष्टिकरण नगर्न आग्रह गर्दछ ।
- गत वर्ष प्राविधिक तथा व्यावसायिक तालिम परिषद् ( सीटीइभीटि ले चिकित्सा शिक्षा ऐनको मापदण्ड अनुसार १०० बेडको आपने अस्पताल भएका शिक्षण संस्थाने मात्र प्रमाणपत्र तह (पीसिएल) नर्सिङको पठनपाठन गर्न पाउने निर्णय गन्यो । जसले गर्दा अनुमति प्राप्त संस्थाहरूको संरचना र लगानी खेर जाने र उक्तक्षेत्रमा अध्ययन गर्न चाहने युवाहरू पलायन हुने हुँदा ठूलो धनराशि बाहिरिने भएकाले उक्त निर्णयलाई पुनःविचार गर्दै चिकित्सा शिक्षा ऐनको मापदण्डलाई क्रमशः लागू गर्दै दक्ष तथा अनुभवी जनशक्ति उत्पादन एवम् नर्सिङ्ग अध्ययनलाई थप सुधार र व्यवस्थित गर्न परिषद्को यो केन्द्रीय कार्यकारिणी समिति बैठक सम्बन्धित निकायलाई आग्रह गर्दछ ।
- विश्वविद्यालयमा परीक्षा सम्पन्न भएको १५ महिनासम्म पनि नतिजा प्रकाशन नहुने जस्ता समस्याले विश्वविद्यालयमा विद्यार्थीको आकर्षण घटिरहेको छ, विद्यार्थीहरू पलायन भइरहेका छन् विश्वविद्यालयहरूको स्तर घटिरहेकी अवस्था छ तसर्थ प्रवेश परीक्षा र परिणामलाई प्रभावकारी बनाउन र विद्यार्थी पलायनलाई रोकी विश्वविद्यालयमा विद्यार्थीको आकर्षण बढाउन अनिवार्यरूपमा विश्वविद्यालयहरू तथा सम्पूर्ण शिक्षण सस्थाहरूमा शैक्षिक क्यालेन्डर यथाशीघ्र लागू गर्न परिषद्को यो केन्द्रीय कार्यकारिणी समिति बैठक सम्बन्धित निकायसमक्ष माग गर्दछ ।
- कैलाली जिल्लाको गोदावरी नगरपालिकामा मेडिकल कलेज सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण भए पनि कलेज सञ्चालन हुन सकेको छैन । सुदूरपश्चिमको स्वास्थ्य क्षेत्रमा ठूलो परिवर्तन आउने र अर्थतन्त्रमा पनि निकै महत्वपूर्ण भूमिका खेल्ने यो मेडिकल कलेज सञ्चालनका लागि प्रारूप, ऐन र कानुन निर्माण गरी यथाशीघ्र मेडिकल कलेज सञ्चालन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।
- त्रि. वि. विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा विगत १६ वर्षदेखि विद्यार्थी भर्नामा रू. ५०० शुल्क लिदै ६२ वटा आङ्गिक क्याम्पसमा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भइरहेको छ । उक्त बिमामार्फत् स्वास्थ्योपचारका लागि ९० प्रतिशत सहुलियत प्राप्त गर्ने व्यवस्था भए पनि प्रभावकारी तवरले कार्यान्वयन हुन सकेको छैन । तसर्थ विद्यार्थी भर्ना समयमा नै स्वास्थ्य बिमा कार्ड उपलब्ध गराई स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारीरूपमा

वांकी ४ पेजमा...

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# प्रतिबन्धित लागु औषध ट्यावलेट सहित ६ जना पक्राउ



सुनसरी । सुनसरीको छुट्टा छुट्टै स्थानहरुबाट प्रतिबन्धित लागुऔषध सहित ६ जनालाई प्रहरी पक्राउ गरेको छ ।

बुधबार अस्थाई प्रहरी पोष्ट विजयपुर धरानबाट खटिएको प्रहरीको टोलीले धरान उप-महानगरपालिका-१४ का २१ बर्षीय रन्जित तामाङ, १९ बर्षीय नेल्शन याक्खा, २० बर्षीय शाहील भण्डारी र १९ बर्षीय शेखर परियारलाई पक्राउ गरिएको थियो ।

प्रतिबन्धित लागुऔषध स्पास्पेन- २४८ ट्यावलेट र ट्रामाडोल- ३३० ट्याव्लेट सहित नियन्त्रणमा लिएको थियो ।

त्यसै गरी ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीको टोलीले धरान-५ का २६ बर्षीय अमन राई र धरान-३ का ३४ बर्षीय मन कुमार श्रेष्ठलाई ट्रामाडोल- ६०३९ ट्र्याव्लेट, स्पास्पेन- ४१४० ट्याव्लेट, डाईजेपाम- १५६ एम्पुल र नगद ६५ हजार ९ सय ४४ रुपैंया सहित नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका ६ जनालाई आवश्यक कारवाहीको लागि औषधी ब्यवस्था बिभाग बिराटनगर पठाईएको ईलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

# नागरिक मैत्री प्रहरी सेवा प्रशिक्षण तालिम सम्पन्न

बिराटनगर । गत २५ गतेबाट संचालन भएको प्रहरी कार्यालयमा नगरिक सेवा प्रभावकारी बनाउने सम्बन्धी अनुशिक्षण कार्यक्रम प्रशिक्षक प्रशिक्षण तालिम आज एक कार्यक्रम बिच सम्पन्न भएको छ । १ नं. प्रदेश अन्तर्गत रहेका प्रहरी कार्यालयबाट प्रशिक्षक प्रशिक्षणको रुपमा सहभागी भएका ४१ जना प्रहरी कर्मचारीहरुलाई १ नं. प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नविनराज राईबाट प्रमाण पत्र वितरण भएको थियो ।

१ नं. प्रदेश प्रहरी कार्यालयमा संचालन भएको सो तालिम प्राप्त प्रहरी कर्मचारीहरुले आ-आफ्नो कार्यालय तथा मातहत कार्यालयका अन्य प्रहरी कर्मचारीहरुलाई तालिम गराउने पर्ने छ ।

नेपाल प्रहरीको कार्ययोजना अनुसार कार्य सम्पादन सम्झौता बमोजिम प्रहरी कार्यालयहरुको सेवा नागरिक मैत्री बनाउने उदेश्य अनुरुप उक्त अनुशिक्षण तालिम प्रहरी कर्मचारीहरुलाई प्रदान गरिएको थियो ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरा छोरी दुबैलाई अनिवार्य विद्यालय पठाऔं ।


## सार्वजनिक सूचना

*आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं । स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।*

**ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १**


# राष्ट्रि...

सञ्चालनमा ल्याउन परिषद्को यो केन्द्रीय कार्यकारिणी समिति बैठक विश्वविद्यालय प्रशासन समक्ष जोडदार माग गर्दछ ।

- राजनीतिक भागबन्डाका आधारमा पदाधिकारी नियुक्ति र शिक्षाक्षेत्रमा अनावश्यक दलीय राजनीतिक हस्तक्षेपका कारण प्रशासनिक वातावरण अस्तव्यस्त भइरहेको छ तसर्थ परिषद्को यो केन्द्रीय कार्यकारीणी समिति बैठक राजनीतिक भागवण्डाका आधारमा गरिने नियुक्ति र शिक्षा क्षेत्रमा मौलाउँदै गएको अनावश्यक दलीय राजनीतिक हस्तक्षेपलाई पूर्णरूपमा अन्त्य गर्नका लागि नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

प्रस्ताव २ मा युवाहरूमा भयो मूल्यसनीको प्रभाव र सिमाक्षेत्रमा पढिरहेको घुसपैठको नियन्त्रणका लागि सरकार गम्भीर बनोस् ।

- जनताले आवधिक निर्वाचनमार्फत् शासनका विभिन्न तहमा आफ्ना प्रतिनिधि छान्न पाउने अधिकारको सुनिश्चितता प्रदान गर्दै निर्वाचन आयोगले ४ मंसिर २०७९ मा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सुसम्पन्न गर्न सफल भएकोमा निर्वाचन आयोग सम्बन्धित सम्पूर्ण निकायहरूलाई प्रामिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक हार्दिक बधाई व्यक्त गर्दछ ।

- नेपालीहरूको महानपर्व तिहारको अवसरमा हिन्दु समुदायद्वारा निकालिएको शोभायात्रामा कवित मुस्लिम समुदायद्वारा गरिएको आक्रमण अत्यन्त दुःखद र सामाजिक सद्भाव खल्बल्याउने र धार्मिक इन्द्रको कारक भएको बारे प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्य कारिणी समिति बैठक नेपाल सरकारको ध्यानाकर्षण गर्दछ

- विगत केही समयदेखि न्यायक्षेत्रमाथिको राजनीतिले देशको न्यायप्रणालीलाई धरासायी बनाउने सम्भावना देखिदै गइरहेको छ नेपालमा २०४७ साल पछिका न्यायाधीश नियुक्तिहरू विवादित बन्दै आइरहेका छन् । न्यायाधीश नियुक्तिको संरचनागत त्रुटिका कारण नियुक्तिमा दलीय प्रभाव बढिरहेको छ । जसका कारण न्यायपालिकाको गरिमा र न्यायक्षेत्रप्रतिको आम नागरिक को विश्वास र आस्था दिनप्रतिदिन घट्दै गइरहेको हुँदा न्यायाधीश वा अदालतका लागि नभई जनता अधिकारहरूको सुनिश्चितका लागि स्वतन्त्र, सक्षम, योग्य न्यायाधीशहरू मात्र न्यायपालिकामा नियुक्ति गर्ने नीति निर्माणका लागि प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।

- नेपाल भारत सीमाक्षेत्रमा बढ्दो लागूपदार्थको प्रयोग, ओसारपसार र विक्री वितरण भयावह बन्दै गइरहेको छ । वार्षिक प्रतिवेदन अनुसार दुर्व्यसनीमा ९५.०८ प्रतिशत ४० वर्षभन्दा कम उमेर समूहका युवा संलग्न रहेको देखाउँछ । तसर्थ युवा पुस्तालाई रचनात्मक तथा सकारात्मक दिशातर्फ उन्मुख गराउन सीमाक्षेत्रमा बढ्दो लागूपदार्थ आयातमा नियन्त्रणका लागि सीमामा कडाइका साथ निगरानी गर्ने, बालबालिकामा दूर्व्यसनी विरुद्ध जागरण आदि कार्यका लागि गृह मन्त्रालय, प्रहरी प्रशासन तथा सीमावर्ती क्षेत्रका स्थानीय सरकार गम्भीर बन्दै विशेष योजना तथा नीति निर्माणका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउंदछ ।

- विज्ञहरूले निकट भविष्यमै देशमा आर्थिक संकट आउन सक्ने प्रक्षेपण गरिरहेका छन् यस विषयलाई गम्भीरतापूर्वक लिई उचित नीति अवलम्बन गरी आउन सक्ने संकटको समाधान गर्न विद्यार्थी परिषद्, नेपाल सरकारलाई ध्यानाकर्षण गर्दछ बैंकको व्याजदरमा अस्वाभाविक वृद्धिका कारण सिंगो व्यापारिक क्षेत्र अफ्ट्यारोमा परेको यस सम्बन्धमा उचित कदम चाल्दै व्यावसायिक क्षेत्रमा सहज वातावरण निर्माणका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउंदछ ।

- जलविद्युत् आयोजनाका कतिपय योजनाहरू विदेशी कम्पनीहरूले लाइसेन्स लिएर आयोजना 'होल्ड' गरी राख्ने गरेको पाइन्छ । सम्झौता गर्ने कम्पनीले लामो समयसम्म लगानी भित्राउन नसक्नु बारबार सम्झौताको म्याद थप्नु समझदारी पत्र अनुसार काम नभएका योजनाको इजाजत रद्द गर्न नसक्नु, पुनः म्याद थपिरान विद्युत आयोजनाको भविष्य अनिश्चित हुनुजस्ता समस्या समाधानका लागि प्राज्ञिक विद्यार्थी परिषद, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।

- कृषिको सम्भावनाले भरिएको देशमा सिंचाई सुविधाको अभाव हुँदै जानू बीउविजनको अभाव आदिका कारण कृषकले कृषि पेसा छोड़ने र उमाठ जमिन गर्दै भौतिक संरचना निर्माण हुनु आदिका कारण दिनप्रतिदिन बाय संकट बढ्दो छ । जसका कारण विदेशबाट अरबौको खाद्यान्न आयात गरिरहनु परेको छ । यसका लागि आयातभन्दा पनि स्वदेशी उत्पादनमा जोड दिदै समयमा मल तथा बीउबिजनको उपलब्धता का लागि विशेष प्रयास गर्न प्राज्ञिक विद्यार्थी परिषद, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

- अपनी श्रम बजारमा आउने ५ नाव युवा मध्ये झण्डै तीन चौथाइ युवा वैदेशिक रोजगारीमा जान बाध्य छन् । युवा श्रमलाई देशमा नै प्रयोग गर्न र रोजगारी सिर्जना गर्नका लागि देशमा नै सम्भावित तथा बन्द रहेका उद्योग सञ्चालन गर्ने, कृषि क्षेत्रमा लगानी तथा अनुदान व्यवस्था गर्ने, विभिन्न व्यावसायिक तालिममा जोड गर्ने, क्षेत्र र भूगोल अनुसारको प्रयोगात्मक शिक्षा प्रदान गरेर आफ्नै क्षेत्रमा सीप प्रयोग गरी आयआर्जन गर्ने वातावरण निर्माणका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारसमक्ष माग गर्दछ ।

- २०७२ सालमा प्रारम्भ भएको स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी बन्न नसकदा आम नागरिक स्वास्थ्योपचारको अधिकारबाट बञ्चित भइरहेको अवस्था छ तसर्थ देशका सम्पूर्ण जिल्ला तथा क्षेत्रमा स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारसमक्ष ध्यानाकर्षण गराउंदछ ।

- मिति पुगेको खाद्य सामाग्रीहरू पुनः प्याकेजिङ गरी बिक्री वितरण गर्न पाइएकोले यसका लागि विशेष निगरानी गर्न खाद्य गुणस्तर विभाग एवं सरकारसमक्ष आग्रह गर्दछ ।

- देशका प्रमुख ठूला शहरहरूमा फोहोर व्यवस्थापन को विकराल अवस्था देखिएकाले फोहोरलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्न उद्योग स्थापना गरी प्रवर्द्धन गर्नका लागि यस कार्यकारिणी समिति बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउंदछ ।

- नेपाल-भारत सिमाक्षेत्रमा बारम्बार आउने समस्याको स्थायी समाधानका लागि कुटनीतिक एवं राजनीतिक स्तरबाट प्रयास गर्दै सिमा समस्याको स्थायी समाधान का लागि प्राज्ञिक विद्यार्थी परिषद, नेपाल सरकारसमक्ष आग्रह गर्दछ

- राजनीतिक फाईदाका लागि काठमाडौं ल्याई राखिएका सुकुम्बासीहरूको वास्तविक पहिचान गर्दै सुकुम्बासीको स्थायी समाधान गर्न र सुकुम्वासीका लागि निर्माण गरिएका आवास गृहको प्रयोगका लागि सरकार समक्ष प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्य कारिणी समितिको बैठक आग्रह गर्दछ ।

- खुला सिमानाको फाइदा उठाएर सिमाक्षेत्रमा विदेशी मुस्लिम समुदायको अनेपेक्षित गतिविधि बढ्नु, काठमाडौं लगायतका क्षेत्रमा रोहिङ्गिया मुसलमानको बसोबास हुनु र पटकपटकका आन्दोलन हुनु, देशको सुरक्षाका लागि खतराको विषय हो । तसद यस्ता पान्विक तथा साम्प्रदायिक घुसपैठको अन्त्यका लागि नेपाल सरकारसमक्ष विद्यार्थी परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।

- नेपालको संस्था दर्ता ऐन बमोजिम समाज कल्याण परिषद्मा दर्ता भएका विदेशी दाताबाट चल्ने र स्थानीय स्रोतबाट चल्ने दुबै प्रकारका संस्थाहरूलाई एउटै वर्गमा राखी तिनीहरूको दर्ता एवम् नवीकरणको प्रक्रिया एउटै गरिएको छ । बिदेशी दाता एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हरूबाट सञ्चालित संस्थाहरूको दर्ता एवं नवीकरणको प्रक्रिया अलग गरी ती संस्थाहरूलाई नियमन गर्न विशेष नीति निर्माण गर्न नेपाल सरकारसमक्ष विद्यार्थी परिषद्को यो केन्द्रीय कार्यकारिणी समिति बैठक जोडदार माग गर्दछ ।




## प्रतिनिधीसभा र प्रदेशसभा निर्वाचन २०७९ को परिणाम घोषणा

निर्वाचन आयोगले आज मिति २०७९ मंसिर २८ गते प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० बमोजिमको प्रक्रिया पूरा गरी समानुपातिक निर्वाचनको परिणाम घोषणा गरेसँगै प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको अन्तिम नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न गरेको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले आज आयोगमा आयोजित पत्रकार भेटघाटमा आयोगले प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन निर्वाचनको नतिजा घोषणा भएको सात दिनभित्र राष्ट्रपति समक्ष र प्रदेश सभाको हकमा प्रदेश प्रमुखसमक्ष पठाउनुपर्ने प्रावधानबमोजिम २०७९ मंसिर २९ गते सम्माननीय राष्ट्रपतिज्यूसमक्ष प्रतिनिधि सभा सदस्य निर्वाचन २०७९ को परिणामसहितको प्रतिवेदन पेश गरिने बताउनुभयो । साथै आगामी पौष २ गते प्रदेश सभा सदस्य निर्वाचन २०७९ को परिणाम सहितको प्रतिवेदन सातै प्रदेशको राजधानीमा प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरूसमक्ष आयोगका पदाधिकारीहरूबाट प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रम रहेको जानकारी प्रमुख आयुक्त थपलियाले दिनुभयो । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को प्रतिवेदन पठाइसकेपछि निर्वाचित सदस्यहरूको नामावली नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

आयोगले तयार गरेको निर्वाचन परिणाम प्रतिवेदन अनुसार प्रतिनिधि सभातर्फ २७५ र प्रदेश सभातर्फ ५५० जना गरी कूल ८२५ जना निर्वाचित हुनुभएको छ। जसमा प्रतिनिधि सभातर्फ पुरुष १८४ जना (६६ दशमलव ९० प्रतिशत) र महिला ९१ जना (३३ दशमलव १० प्रतिशत) निर्वाचित हुनुभएको छ भने प्रदेश सभातर्फ पुरुष ३५० जना (६३ दशमलव ६४ प्रतिशत) र महिला २०० जना (३६ दशमलव ३६ प्रतिशत) निर्वाचित हुनुभएको छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि ८६ वटा राजनीतिक दल दर्ता भएकोमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ वटा राजनीतिक दल र समानुपातिक निर्वाचन प्रणालीतर्फ ४७ वटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए ।

प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला २२५ र पुरुष २ हजार १८६ गरी २ हजार ४११ जनाको अन्तिम उम्मेदवारी कायम भएको थियो । सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला १ हजार १८७ र पुरुष १ हजार १२ गरी २ हजार १९९ जना उम्मेदवारको अन्तिम बन्द सूची कायम गरिएको थियो ।

त्यसैगरी प्रदेश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि महिला २८०, पुरुष २ हजार ९४३ र अन्य १ गरी ३ हजार २२४ जनाको अन्तिम उम्मेद वारी कायम भएको थियो भने सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला १ हजार ५११ र पुरुष २ हजार १९७ गरी कुल ३ हजार ७०८ जना उम्मेदवारको अन्तिम बन्द सूची कायम गरिएको थियो । यस अनुसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीका लागि कूल उम्मेदवारको संख्या जम्मा ११ हजार ५४२ रहेको थियो ।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि महिला ८८ लाख ४७ हजार ५७९, पुरुष ९१ लाख ४० हजार ८०६ र अन्य १८५ गरी कुल १ करोड ७९ लाख ८८ हजार ५७० मतदाता कायम रहेका थिए । अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिहरू मध्येबाट मतदाता नामावली ऐन २०७३ को दफा ३० बमोजिम तयार गरिएको अस्थायी मतदाता नामावलीमा ४ लाख ५० हजार मतदाता रहेका थिए । देशभरीका सम्पूर्ण मतदाताको सहजतालाई मध्यनजर गरी यस निर्वाचनमा १० हजार ८९२ मतदान स्थलका २२ हजार २२७ मतदान केन्द्रबाट मतदान गर्ने व्यवस्था मिलाइएको थियो । त्यसैगरी अस्थायी मतदाताहरूलाई प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने व्यवस्था अनुरुप १४१ अस्थायी मतदान स्थलहरूको समेत व्यवस्था गरिएको थियो ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले प्रतिनिधि सभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचनमा १ करोड १० लाख ४७ हजार ३४ (६१ दशमलव ४१ प्रतिशत) मतदान भएको थियो जसमध्ये १ करोड ४ लाख ८७ हजार ९५८ मत सदर भएको थियो भने ५ दशमलव शून्य ६ प्रतिशत मत बदर भएको बताउनुभयो । सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड ११ लाख २६ हजार २२६ (६१ दशमलव ८५ प्रतिशत) मतदान भएकोमा १ करोड ५ लाख ६० हजार ८२ मत सदर भई ५ दशमलव शून्य ९ प्रतिशत मत बदर भएको थियो ।

प्रदेश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि १ करोड १०

वांकी अन्तिम पेजमा...

## १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरको ५७ औं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न



सलामी अर्पण गर्दै विभिन्न तहतपकाका प्रहरी प्रमुखहरु। तस्वीर सौजन्य : १ नं. प्रदेश प्रहरी कार्यालय

बिराटनगर।१ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरको ५७ औं वार्षिकोत्सव बिविध कार्यक्रम सहित आन्तरीक रुपमा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीले पानसमा दिप प्रज्वलन गरी बिधिवत रुपमा कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो ।

प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरको खेलमैदानमा आयोजित ५७ औ बार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथि प्रहरी नायव महानिरीक्षक गिरीले व्यवासायिक प्रहरी उत्पादनको उदगमस्थल प्रहरी तालिम केन्द्रले ५७ औं वर्ष पुरा गरेको अवसरमा केन्द्रका सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई शुभकामना दिनु भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि गिरीले बार्षिक उत्सवको अवसरमा प्रकाशन गर्दै आएको स्मारिकालाई समायानुकुल थप परिस्कृत एबम् प्रविधिमैत्री बनाउदै केन्द्रको सम्पुर्ण गतिविधि झल्कने गरी तयार पारिएको वृत्तचित्रको लोकार्पण समेत गर्नु भएको थियो । कार्यक्रममा बोल्दै वहाँले नेपाल प्रहरी सेवामा प्रवेश गर्ने जनशक्तिहरुको लागि प्रारम्भिक शिक्षा तथा उन्नत प्रशिक्षण प्रदान गर्ने कार्यमा तालिम केन्द्रको अहम भुमिका रहने र सक्षम तथा प्रभावकारी प्रहरी संगठनको उपस्थिति बनाई राख्न प्रशिक्षण पद्धतिमा समायानुकुल परिवर्तन हुनु जरुरी रहेको साथै योग्य जनशक्तिको छनौट र उचित प्रशिक्षण प्राप्त गरे पश्चात मात्रै प्रहरी कर्मचारीले कार्य क्षेत्रमा संगठनको अपेक्षा अनुरुप प्रतिफल दिन सक्ने बताउनु भयो ।

समयको परिवर्तन संगसंगै नागरिकले प्रहरीबाट अपेक्षा गर्ने सेवा प्रदानमा अपेक्षित सुधार गरेर अगाडि बढ्नु अहिलेको आवश्यकता रहेको बताउँदै हिजोका दिनहरु भन्दा फरक तर सरल र सहज रुपमा सेवा प्रदान गर्ने भावनाको बिकाश तालिमका दिनहरु देखि नै मस्तिष्कमा गढिन जरुरी रहेको हुँदा सोही अनुसारको प्रशिक्षण प्रदान गर्न तालिम केन्द्रलाई निर्देशन समेत दिनु भयो ।

वाँहाले अनुशासन प्रहरी संगठनको गहना रहेको बताउँदै तालिम केन्द्रका प्रशिक्षकहरुको अनुशासन, यसको प्रत्यक्ष प्रभाव र तालिमको स्तरले नै भोलीको दिनमा प्रहरीहरुको कार्य सम्पादन स्तर निर्धारण गर्ने हुँदा सबैको सामुहिक कार्यले सबैजना सफल प्रशिक्षक हुन र यस तालिम केन्द्रलाई देशकै नमूना तालिम केन्द्रको रुपमा स्थापित गर्ने गरी उच्च व्यवसायिकताका साथ काम गर्न निर्देशन समेत दिनु भयो ।

यसैगरी प्रहरी नायव महानिरीक्षक गिरीले बार्षिक उत्सवको अवसरमा तालिम केन्द्रले आयोजना गरेको आन्तरिक फुटवल, भलिवल, टेवलटेनिस र ब्याडमिन्टन लगायत अन्य खेलका बिजय हुने खेलाडीहरुलाई पुरस्कार तथा प्रमाण पत्र समेत प्रदान गर्नु भएको थियो । यसैगरी तालिम केन्द्रमा बर्ष भरीमा उत्कृष्ठ कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई समेत पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा प्रदेश प्रहरी तालिम केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक चतुर्भुज ओझाले केन्द्रको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु हुँदै समयानुकुल आफ्नो जिम्मेवारी एवं कर्तव्य पालना गर्न सक्ने ब्यवसायिक कला, कौशल र सीपले भरिएका दक्ष प्रहरी उत्पादन गर्ने क्रममा स्थापना कालदेखि हालसम्म विभिन्न आधारभूत तथा उन्नत तालिमहरु समेत गरी कुल ८१ हजार २ सय ४३ जना प्रहरी अधिकृत तथा जवानहरुलाई प्रशिक्षित गरिसकेको जानकारी गराउनु भयो ।

कार्यक्रममा केन्द्रका समादेशक प्रहरी बरिष्ठ उपरीक्षक राजेशनाथ बास्तोलाले उपस्थित सबैमा धन्यवाद दिनु हुँदै नयाँ नयाँ चुनौतीसँग सामना गर्न सक्श्रम, ब्यवसायिक एवं कर्तव्यनिष्ट प्रहरी जनशक्तिको उत्पादन नै एक मात्र बिकल्प रहेकोले प्रशिक्षण पद्दतिलाई आधुनिक, ब्यवस्थित तथा उपलब्धिमुलक बनाउने कार्यमा तालिम केन्द्र निरन्तर अगाडि बढिरहेको बताउनु भयो । बार्षिक उत्सब कार्यक्रममा प्रदेश प्रहरी श्रीमती संघका महासचिव श्रीमती अजिता देवकोटा बास्तोला, प्रहरी बरिष्ठ उपरीक्षक, लगायत प्रहरी अधिकृत तथा जवानहरु र पुर्व प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




## कसले...

योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने नीति लिएको छ। संविधान, भूमि सम्बन्धी ऐन, आवास ऐन आदिले भूमिहीन तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने स्पष्ट व्यवस्था रहेको छ ।

२०४९ मा तत्कालीन मन्त्री शैलजा आचार्य नेतृत्वको आयोगले १ हजार २७८ परिवारलाई २ हजार २९६ बिघा, २०५१ मा ऋषिराज लुम्सालीको नेतृत्वको आयोगले ५८ हजार ३४० परिवारलाई २१ हजार ९७४ बिघा जग्गा, २०५३/५४ मा मन्त्री बुद्धिमान तामाङको अध्यक्षतामा बनेको आयोगले ८८६ परिवारलाई ३५२ बिघा, २०५५ मा तारिणीदत्त चटौतको नेतृत्वमा गठित आयोगले ३१ हजार ९९२ परिवारलाई ७ हजार ३६ बिघा, २०५५ देखि २०५८ को अवधिमा बनेको आयोग र तत्कालीन मन्त्रीहरू गंगाधर लम्साल, सिद्धराज ओझा र मोहम्मद आफताब आलमले २३ हजार १२२ परिवारलाई ९ हजार ४५३ बिघा जग्गा वितरण गरेको थियो ।

पछिल्लोपटक देवी ज्ञवाली नेतृत्वको आयोगले भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीबाट आवेदन मागेकामा ११ लाख ८० हजार ७६१ परिवारले निवेदन दिएका थिए। तर भूमि अधिकार मञ्चले १७ लाख दाबी गरेको छ। यसमा १० लाख बढी दलित समुदाय रहेको उल्लेख छ। यूएनडीपीको सर्वेक्षणमा ५८ लाख ११ हजार परिवारमध्ये साढे २४ प्रतिशत भूमिहीन देखाइएको छ।

आयोगले हालै ९६१ परिवारलाई लालपुर्जा वितरण गरेको छ। मोरङमा ६५, सप्तरीमा ६८, सिरहामा १३०, चितवनमा १६७, मकवानपुर मा ३, सिन्धुलीमा १०६, कास्कीमा ३७, झापामा ९२, सुर्खेतमा १४७ र कैलालीमा १२४ परिवार भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण गरेको हो। भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयका अनुसार अहिलेसम्म गठन भएका आयोगले १ लाख ५४ हजार ८५४ परिवार सुकुम्बासीलाई ४५ हजार ९६४ बिघा जमिन वितरण गरेको छ। तर पुस्तौंदेखि भूमिहीन सुकुम्बासी समस्या भोगिरहेका थुप्रै गरिब दलित बस्तीका मानिसले नागरिकता पनि पाएका छैनन्। त्यसैले उनीहरू पटकपटक लालपुर्जा पाउनबाट वञ्चित छन्, जो वास्तविक भूमिहीन सुकुम्बासी हुन् ।

अहिले आयोगले ६७१ स्थानीय तहसँग सहकार्य गरी अनलाइन मार्फत लगत संकलन गरिरहेको छ। हालसम्म ६ लाख ८६ हजारभन्दा बढी निवेदकले स्थानीय तहबाट निस्सा बुझिसकेका छन्। तीमध्ये भूमिहीन दलित ५० हजार, भूमिहीन सुकुम्बासी १ लाख ७ हजार र अव्यवस्थित बसोबासी ५ लाख २९ हजार छन्। अव्यवस्थित बसोबासी, भूमिहीन दलित र भूमिहीन सुकुम्बासी पहिचानको मापदण्ड बनाएर स्थानीय तहमार्फत तिनको लगत संकलन, छानबिन र जग्गा वितरणको प्रक्रिया अघि बढाइसकेको छ। यसरी सरसर्ती हेर्दा थुप्रै भूमिहीन सुकुम्बासीले लालपुर्जा पाइसकेको जस्तो देखिन्छन्। तर भूमिहीन सुकुम्बासी समस्या घट्नुको साटो दिनानुदिन बढ्दै गएको छ ।

गाउँ बस्तीमा पुग्दा पुस्तौंदेखिका भूमिहीन सुकुम्बासी हरूले अझै पनि जग्गा नपाएको अवस्था छ। आखिर अहिलेसम्म बाँडिएको जग्गा कसलाई दिइएको हो ? सरकारसँग कुनै व्यवस्थित तथ्यांक छैन। उपत्यकामा अझै ३५०० छाप्रा भत्काउनुपर्ने सूचीमा छन्। कहाँबाट आउँछन् सुकुम्बासी ? पुरानै हुन्, कि नयाँ ? सबैलाई त जग्गा दिन सकिंदैन तर कोचाहिं वास्तविक सुकुम्बासी हुन् कसरी छुट्याउने ? अहिलेसम्म थुप्रै आयोग बने। थुप्रैले जग्गा पाएको देखिन्छ। तर समस्या उस्तै छ ।

यो पृष्ठभूमिमा सरकारले वास्तविक सुकुम्बासी छुट्याउन पर्छ । यसअघि वितरण गरिएका जग्गा कतै हुकुम्बासीले पो पाए कि ? थोरै संख्यामा रहेका वास्तविक सुकुम्बासी पहिचान गरी उनीहरूको दीर्घकालीन व्यवस्थापनमा तत्काल काम सुरु गर्नुपर्छ। यसलाई कहिल्यै समापन नहुने समस्याको रूपमा राखिराखेर सरकारले समृद्धिको लक्ष्य हासिल गर्न सक्दैन ।